# संचारिका
## फिचर सेवा

वर्ष १३, अङ्क १२ चैत/वैशाख March 2012

नेपालमा लैङ्गिक हिंसा सदियौँदेखि कायम छ। सामान्यतया लैङ्गिक हिंसा भन्नाले लिङ्गको आधारमा हुने हिंसालाई बुझाउँछ। नेपालमा पुरुषभन्दा महिला भएकै कारणले हुने हिंसाको मात्रा अत्यधिक भएका कारणले यहाँ लैङ्गिक हिंसाको कुरा गर्दा महिलामाथिको हिंसाको रूपमा लिने र बुझ्ने गरिएको छ। लैङ्गिक आधारमा हुने हिंसाको सबैभन्दा पुरानो स्वरूप घरेलु हिंसालाई मानिन्छ र घरेलु हिंसाका पनि अनेक रूपहरू छन्। नेपालमा लैङ्गिक हिंसाको न्यूनीकरणका लागि प्रयासको थालनी चन्द्रशमशेरका पालामा (सन् १९२०) सतीप्रथाको उन्मूलनबाट भएको थियो भन्न सकिन्छ। त्यसपछिका दिनहरूमा हिंसाका बदलिँदा स्वरूपसँगै लैङ्गिक हिंसाका विरुद्ध विभिन्न सामाजिक अभियान तथा कानुनी प्रयासहरू जारी छन्।

महिला र सञ्चारको क्षेत्रमा कार्यरत सञ्चारिका समूहले आफ्नो स्थापनाकालदेखि नै लैङ्गिक हिंसाविरुद्धको अभियानलाई महत्वका साथ अगाडि बढाइरहेको छ। यो फिचर सेवा यस अभियानको एउटा हिस्सा हो।

**महिलाको इतिहास मूलतः मौनताको इतिहास हो। हाम्रा धेरै आमा, हज़रआमाले आफ़्माथि भएका अन्यायलाई चुपचाप सहे, हामी यसलाई तोडौँ !!**

# रोगभन्दा लाज ठूलो भइदिंदा

**उनलाई उठ्न-बस्नै गाह्रो भएपछि छोरीले थाहा पाएर उपचार गराउन ल्याएकी हुन् । यौनाङ्गसँग जोडिएका रोगलाई धेरै महिलाले लुकाउने गरेका छन् । घरमा श्रीमान् र छोरासँग समेत भन्न अप्ठ्यारो लाग्ने उनीहरू बताउँछन् । श्रीमान्ले थाहा पाए हेला गर्लान् र अर्को विवाह गर्लान् भन्ने डर पनि त्यत्तिकै रहन्छ ।**

**✍ वसन्ती बास्तोला**

रोग लुकाउने गरेका कारण आङ खस्ने (पाठेघर खस्ने) समस्याबाट धेरै महिला पीडित छन् । घर र समाजले घृणा गर्ने डरले उनीहरू आफ्नो रोगलाई लुकाइराख्ने गर्छन् । पहाडी जिल्लामा महिलाको आङ खस्ने समस्या बढी भए पनि उपचार हुन नसक्दा सार्वजनिक हुन सकेका छैनन् । विगत नौ वर्षदेखि आङ खसेको भए पनि लाजको कारण अहिलेसम्म भन्न नसकेको गण्डकी अस्पतालमा भेटिएकी भागीरथी जीसीले बताइन् । उनले भनिन्, 'कोसँग भन्नु यस्तो कुरा, लाज हुन्छ ।' आमालाई उठ्न-बस्न नै समस्या हुन थालेपछि कर गरेर सोधी अस्पताल ल्याएको उनकी छोरी जसुले बताइन् । उनले भनिन्, 'आमा यति लामो समय बिरामी पर्दा मलाई नै थाहा भएन, अरूलाई कसरी थाहा हुनु ?'

उनलाई उठ्न-बस्नै गाह्रो भएपछि छोरीले थाहा पाएर उपचार गराउन ल्याएकी हुन् । यौनाङ्गसँग जोडिएका रोगलाई धेरै महिलाले लुकाउने गरेका छन् । घरमा श्रीमान् र छोरासँग समेत भन्न अप्ठ्यारो लाग्ने उनीहरू बताउँछन् । श्रीमान्ले थाहा पाए हेला गर्लान् र अर्को विवाह गर्लान् भन्ने डर पनि त्यत्तिकै रहन्छ । आर्थिक अभाव, अप्रेसन गर्ने अस्पताल टाढा भएको कारण कति महिलाले यो सुविधा पाएका छैनन् । सुविधा पाएका महिलासमेत लाजको कारण रोग लुकाएर बस्ने गर्छन् । रोग लुकाउने परिपाटीले समस्या समाधानको साटो झन् बढ्दै गएको छ । कतिपयले आङ खस्दा धामीझाँक्रीसमेत लगाउने गरेका छन् ।

पछिल्लो समय विभिन्न सङ्घ-संस्था र अस्पतालले ठाउँ-ठाउँमा अप्रेसन शिविर सञ्चालन गर्ने गरेका छन् । घरनजिक शिविर आउँदा कतिपय महिला जाने गरे पनि रोगबारे भने अत्यन्त सङ्कोच मानेर भन्ने गर्छन् । शिविरमा निःशुल्क अप्रेसन हुने र घरमा उपचार गर्न लैजाऊ भनेर भन्न नपर्ने कारण उनीहरूको रोजाइ शिविर हुने गरेको छ । त्यस्ता शिविरमा महिलाहरू आफैं उपचार गर्न गएका र सबैको अप्रेसन गर्न आफन्त बोलाउन परेपछि आफन्तले आङ खस्ने समस्या भएको थाहा पाएको अनुभव बताउँछन् विनायक अस्पतालका सर्जन डाक्टर धर्मेन्द्र सिंह । धेरै जिल्लामा सञ्चालन भएको शिविरमा पुगेर आङ खस्ने रोगको अप्रेसन गरेका उनले भने, 'धेरै जिल्लामा लाज र चेतनाको अभावको कारण महिलाले अहिले पनि आफूलाई लागेको रोग भन्न नसकेकाले समस्या बढेको छ ।' सानो समस्यालाई समयमै उपचार नगर्दा आङ खस्ने समस्या बढेर क्यान्सर भएको पत्ता लागेको डाक्टर सिंहले बताए । उनका अनुसार नेपालमा १५ लाख महिलाले आङ खसेर अप्रेसन गरेका छन् । यसमा अझै उपचार गराउन नआउनेको सङ्ख्या धेरै छ । पछिल्लो समय एउटै शिविरमा दुई सयसम्मले अप्रेसन गराएका छन् । सामाजिक कारणले गर्दा धेरै महिला रोग भन्न सक्दैनन् । विवाह नै नभएका युवतीसमेत आङ खस्ने रोगबाट पीडित भएको डाक्टर सिंहले बताए ।

पहाडी जिल्लामा उकालो-ओरालोमा ठूलो भारी बोकेर हिंड्नुपर्ने, सानै उमेरमा विवाह हुने र सुत्केरीमा काम गर्नुपर्ने कारण पनि यो समस्या बढी हुने गरेको चिकित्सकहरू बताउँछन् । यसबाहेक आर्थिक कारण त छँदै छ । सधैं काम गरेर खाने उनीहरूलाई अप्रेसन गरेपछि कमजोर भइन्छ भन्ने लाग्छ । आर्थिक अवस्था कमजोर हुँदा अप्रेसनपछि भिटामिन बढी खानुपर्ने, गाह्रो काम गर्न नहुने र अप्रेसन गर्ने रकम नहुँदा धेरैले उपचार गर्न पाएका छैनन् । १५ वर्ष लामो रोग पालेर बस्नुपर्ने बाध्यता

अझै जस्ताको जस्तै छ। यसमा बढी जिम्मेवार त घरपरिवार नै भएको पीडित र डाक्टर बताउँछन्। 'मसँग हिँड्ने भए हिँड् नत्र त घर आउनुपर्दैन,' निःशुल्क अप्रेसन गर्न आउँदा शिविरमै यसो भनेर लिन आउने श्रीमान्समेत देखेको डाक्टर सिंहको भोगाइ छ। अप्रेसन गर्न आएकी महिलाका श्रीमान् काम गरेको खेताला तिर्न बाँकी छ भन्दै अप्रेसन गर्न नदिई घर लैजान आएको थाहा पाएपछि डाक्टर र स्थानीय महिलाको दबाबमा ती महिलाको उपचार भएको थियो।

कतिपय महिलाका घर-परिवारका सदस्य र श्रीमान्लाई रोगले कैयौं वर्षसम्म थलिएकी श्रीमती या बुहारीको भन्दा बढी चिन्ता कामको लाग्ने गर्छ। जसले गर्दा रोग लागेको थाहा पाएर पनि उपचारमा चासो देखाइँदैन। एकपल्ट अप्रेसनका लागि शिविरमा आएकी महिलालाई श्रीमान्ले काम बेपत्ता छ, अहिले नगर्ने भनेपछि महिलाले श्रीमतीलाई अप्रेसन गर्न नदिए मोसो लगाएर बजार डुलाउँछौं भनेर धम्कीको भाषा नै प्रयोग गरे। त्यसपछि ती महिलाको अप्रेसन त भयो तर उनले घरमा कस्तो स्याहार पाइन् होला भन्नेचाहिँ सहज अनुमान गर्न सकिन्छ। 'आफ्नै श्रीमतीको उपचार गर्न अरूले मोसो लगाउने धम्की दिनुपर्छ भने हामी कुन अवस्थामा छौ ?' महिला रोग विशेषज्ञ डा. अञ्जना केसीले भनिन्।

कमजोर आर्थिक अवस्था, टाढाको अस्पताल, चेतनाको अभावजस्ता कुराले पाठेघर खस्ने महिलाले उपचार पाउन सकेका छैनन्। यी सब कुरासँगै लोकलाजका कारण यो रोग लुकाएर बस्नेहरूको सङ्ख्या पनि धेरै छ। कोही उपचार नपाएर थलिएका छन् त कोही रोग लुकाएर। डा. अञ्जनाले भनिन्, 'चेतना, डर र लाज सबैभन्दा ठूलो समस्या हो।' महिला डाक्टरसँग समेत लाज मान्ने महिला पुरुष डाक्टरलाई त अस्पताल पुगे पनि नभन्ने उनको अनुभव छ। उनले थपिन्, 'पहिला हामीले नै अन्दाज गरेर यो-यो भएको छ भनेपछि हो भन्छन्।' धेरै बिरामी लाजको कारण घरमा नभनेको बताउँछन्। छोराछोरीलाई त कुरै भएन, कतिपय महिलाको समस्या स्वयम् आफ्नै श्रीमान्लाई पत्तो हुँदैन। कतिले चाहिँ थाहा पाएर पनि थाहा नपाएझैं गर्छन्।

पाठेघर खसेकामध्ये धेरैलाई यो रोगको उपचार हुन्छ भन्ने पनि थाहा छैन। उनीहरू आफ्नो रोगलाई समेत घर, समाज र प्रतिष्ठासँग जोडेर हेर्ने गर्छन्। यस्तो सोचका कारण जुन रूपले यसको निवारण हुनुपर्ने हो त्यो हुन सकिरहेको छैन। यसको न्यूनीकरणका लागि यूएनएफपीएको सहयोगमा मुलुकका विभिन्न स्थानमा शिविर बस्ने गरेका छन्, यी शिविरबाट धेरै महिलाले पुनर्जीवन पाएका छन्। सरकारले पनि यसलाई आफ्नो नीति तथा कार्यक्रममै पारेर महत्व दिएको छ। तर, यति हुँदाहुँदै पनि जनचेतनाको अभावका कारण यसलाई लुकाएर बस्नेहरू अझै छन्।

*साभार : संचारिका फिचर सेवा*

*(वसन्ती स्याङ्जास्थित कान्तिपुरकी संवाददाता हुन्।)*

# अन्तर्राष्ट्रिय महिला दिवसको सन्देश
# महिलाका मुद्दामा समान दृष्टिकोण

**राष्ट्रिय महिला आयोग यसका लागि महत्वपूर्ण निकाय हुनसक्छ तर यो पनि राजनीतिक भागबण्डाभन्दा माथि उठ्न सकेको छैन। नेपाली महिलाको मुद्दालाई लिएर सशक्त रूपमा उत्रिने निकायका रूपमा महिला आयोगलाई स्वतन्त्र र अधिकारसम्पन्न बनाउन जरुरी छ।**

✍ **निर्जला कक्षपति**

रुकुमकी एक महिला प्रहरी र उनका श्रीमान् नेपाल प्रहरीमा एउटै पोस्टमा काम गर्थे। एउटै पोस्टमा काम गर्दासम्म उनीहरूबीचको समझदारी राम्रो थियो। तर, पछिल्लो समयमा आएर श्रीमान्को 'प्रमोसन' भयो, उनको भएन। आफ्नो पदोन्नतिपछि उनका श्रीमान्ले अर्कै केटीसँग सम्बन्ध राख्न थाले। हुँदाहुँदा उनले कमाएको रुपैयाँसमेत लगेर उतै दिन थालेका छन्। त्यसैले ममाथि न्याय होस् भन्दै

रुकुमकी ती महिला प्रहरीले राष्ट्रिय महिला आयोगमा उजुरी दिएकी छिन् ।

यस्तै अर्को उजुरी छ- एक महिला सञ्चारकर्मीको । उजुरीमा उनले लेखेकी छिन्- विगत ६ वर्षदेखि म एक निजी टेलिभिजनमा काम गर्दै आएकी छु । काम गर्ने निश्चित समयसीमा छैन । सञ्चारमाध्यमले जतिबेला कामका लागि बोलाए पनि जानुपर्ने बाध्यता छ । तर, विगत दुई वर्षदेखि मैले काम गरेबापत पारिश्रमिक पाउन सकेकी छैन । पारिश्रमिक पाइनँ भन्यो भने यही भएको जागिर पनि जाने सम्भावना धेरै छ । महिलाको कहिल्यै प्रमोसन नहुने र प्रमोसनलाई शारीरिक सम्बन्धको आधार बनाइन्छ । त्यसैले लामो समयदेखि यी सब कुरा कसैसँग सेयर गरेकी थिइनँ । मलाई आशा छ, आयोगले छानबिन गरी सञ्चारमाध्यमभित्र हुने गरेको श्रमशोषणको अन्त्य गर्न पहल गर्नेछ ।

सञ्चारमाध्यम मात्र होइन, निजी स्कुलमा काम गर्ने शिक्षकले समेत समयमा पारिश्रमिक पाउने नगरेको, निकै कम तलबमा काममा लगाउने र एक वर्षपछि तलब बढाइने वाचा गरेर काममा लगाइए पनि तलब नबढाइएका कुराहरू बारम्बार सार्वजनिक हुने गरेका छन् । यसैगरी बैंकमा अधिकृतस्तरमा काम गर्ने (सीता श्रेष्ठ) नाम परिवर्तनले पनि आफूलाई श्रीमान्‌बाट बरोबर कुटपिट गरिने भएकाले न्याय पाऊँ भनी उजुरी हालेकी छिन् । यसप्रकार महिलामाथि हुने विभेद र शोषणका रूप भिन्दाभिन्दै छन् । महिला आयोगमा चार महिनाको अवधिमा महिला र घरेलु हिंसासम्बन्धी परेका एक सय ७६ वटा उजुरीलाई हेर्दा यो कुरा प्रस्ट हुन्छ । यद्यपि हामीले यो वर्ष 'महिला हिंसा अन्त्य गरौं, शून्य सहिष्णुता कायम गरौं' भन्ने मूल नाराका साथ १०२औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस विभिन्न कार्यक्रमको आयोजना गरी मनायौं । मार्च ८ तारिखका दिन विश्वभर यो दिवस मनाउने प्रचलन छ । विश्वमा भएका श्रमिक महिलाको ठूलाठूला आन्दोलनको सम्झना र सम्मानमा यो दिवस मनाउन थालिएको हो । सन् १९१० मा महिलामाथि हुने गरेका थुप्रै अन्याय र शोषणविरुद्ध क्लारा जेटकिनले महिला अधिकारका लागि आवाज उठाएकी थिइन् । मार्च ८ लाई आन्दोलन दिवसका रूपमा मनाउने उनको प्रस्तावअनुरूप नै अन्तर्राष्ट्रिय महिला दिवस मनाउन सुरु गरिएको हो ।

महिला मुक्ति र न्यायका लागि राजनीतिक दलका नेताहरूले यस दिवसको अवसर पारेर निकै मीठा भाषण र प्रतिबद्धता जाहेर गर्छन् । महिला दिदीबहिनी पनि आफूमाथि भएको शोषण र अन्यायविरुद्ध खुलेर आफ्ना समस्या राख्छन् । तर, अर्को दिनदेखि समस्या जस्ताको तस्तै । अर्थात् महिलामाथि हुने गरेका सम्पूर्ण विभेदलाई निमिट्यान्न पार्न सकिएको छैन । तर पनि महिला अधिकारका विषयलाई प्रत्याभूति गर्नाका लागि नेपालले थुप्रै अन्तर्राष्ट्रिय सन्धि, महासन्धिमा हस्ताक्षर गरिसकेको छ । यसको ज्वलन्त उदाहरण हो- महिलाविरुद्ध हुने सबै प्रकारको हिंसा अन्त्य गर्न महासन्धि 'सिड'मा नेपालले हस्ताक्षर गरिसकेको छ । यसैगरी, मानव बेचविखनविरुद्ध क्षेत्रीयस्तरको महासन्धिमा समेत नेपाल सरकारले प्रतिबद्धता जाहेर गरिसकेको छ । यसबाहेक आमाको नामबाट पनि नागरिकता लिन सकिने व्यवस्था हुनु र घरेलु हिंसा ऐन बन्नु राष्ट्रियस्तरका राम्रा र सकारात्मक कदमका उदाहरण हुन् ।

यसरी केही राम्रा र सकारात्मक कामको थालनी भए पनि हामीकहाँ महिलाका समस्या अझै थुप्रै छन् । पहिलो त काम गर्ने ठाउँमै महिला कति सुरक्षित छन् भन्ने कुराले महत्व राख्छ । दोस्रो, पारिश्रमिकको कुरा पनि त्यत्तिकै महत्वपूर्ण छ । समयमा पारिश्रमिक नपाएका मात्र होइन, महिला र पुरुषबीच पारिश्रमिकमा विभेद अद्यापि कायम छ । एक सामान्य ज्यालादारी काममा पुरुषले दिनभरि काम गरेबापत ६ सयदेखि आठ सय कमाउँछ भने महिलाले जम्मा तीन सयदेखि पाँच सय । यो भिन्नता हरेक क्षेत्रको पेसा र व्यवसायमा भेट्न सकिन्छ । व्यवसाय फरक-फरक होलान्, तर निजी रूपमा सञ्चालित सबै पेसा र व्यवसायमा अनेक प्रकारका विभेद कायम छन् । यस्ता निजी व्यवसायमा आ-आफ्नै मूल्य र मान्यता हुने हुँदा मालिक जतिसक्दो कम मूल्य तिरेर कामदारसँग काम लिन खोज्छन् । चाहे त्यो शिक्षण संस्था होस् चाहे कम्पनी होस्, या त निजी वित्त व्यापार नै किन नहोस् ? यसरी महिलाहरू विभिन्न प्रकारले शोषणमा परिरहेकै छन् । न्यूनतम तलब, त्यो पनि महिना दिनमै पाउनु छैन । न उपदान, न बिरामी खर्च, न पदोन्नति, न सन्तुष्टि, यी सबलाई त्यागेर पनि महिला मजदुरले कारखाना मालिकको सेवा गरिरहेका छन् । हुँदै-हुँदै अब त सञ्चारमाध्यममा समेत यसप्रकारका भेदभावका उजुरी पर्न थालेका छन् । अरूमाथि परेको अन्यायमा आवाज उठाउने सञ्चारमाध्यमभित्रै यसप्रकारका विभेद हुनु निश्चय नै दुःखलाग्दो कुरा हो ।

अब प्रश्न उठ्न सक्छ- यसरी ठगिएका महिलाको आवाज कसले उठाउने ? अन्याय र शोषणमा परेका महिलाको पक्षमा कसले वकालत गर्ने

? हुन त हामीकहाँ ६०१ सभासद्मध्ये एक सय ९७ जना महिला अर्थात् ३३ प्रतिशतको प्रतिनिधित्व रहेको छ। जनताका प्रतिनिधि सभासद् भएको हुँदा जनताले सभासद्सँग अपेक्षा राख्नु ठूलो कुरा भएन। ३३ प्रतिशत महिला सभासद्ले संविधानसभामा महिलाका आवाज कति उठाए त्यसको मूल्याङ्कन समयले गर्ला नै। कुनै पनि दलका महिला सभासद् आफ्नो पार्टीको ह्विपभन्दा माथि जान नसकेको अवस्था छ। महिलाका मुद्दा एउटै भए पनि सबै महिला सभासद्हरू भने एक हुन सकेको अवस्था छैन। त्यसैले नेपाली महिलाको मुद्दालाई लिएर नेतृत्व लिने कसले ? महिलामाथि हुने गरेका आर्थिक, सामाजिक तथा धार्मिक विभेदलाई लिएर आवाज उठाउने कसले ? यतिबेला नेतृत्वको अभाव खट्किएको छ। राष्ट्रिय महिला आयोग यसका लागि महत्वपूर्ण निकाय हुनसक्छ तर यो पनि राजनीतिक भागबण्डाभन्दा माथि उठ्न सकेको छैन। नेपाली महिलाको मुद्दालाई लिएर सशक्त रूपमा उत्रिने निकायका रूपमा महिला आयोगलाई स्वतन्त्र र अधिकारसम्पन्न बनाउन जरुरी छ।

*साभार : संचारिका फिचर सेवा*

*(निर्जला शिक्षा पत्रकार समूहमा आबद्ध स्वतन्त्र पत्रकार हुन्।)*

# विदेशबाट फर्किएर आत्मनिर्भर बन्दै

**विदेशमा बसेर फर्किएका महिलालाई फेरि विदेशिनु नपरोस् भनेर पौरखी संस्थाले आप्रवासी महिला कामदारका लागि आर्थिक सुरक्षा परियोजना र एकहप्ते उद्यमशीलता विकास तालिम प्रदान गरेको थियो। सुनसरीका महेन्द्रनगर, भरौल, पाँचकन्या, बराहक्षेत्र, डुम्राहा तथा धरान क्षेत्रका तीन सय ३५ जना महिलालाई प्रदान गरिएको उक्त तालिमपछि व्यवसाय रोज्न लगाइयो। व्यवसायमा दक्षताका लागि पुनः दुईदिने व्यवसायी विकास तालिम लिएर उनीहरू काममा लागेका थिए।**

✍ **देवेन्द्र कार्की**

असुरक्षित वैदेशिक रोजगारीमा जान सरकारले रोक लगाएको छ, तर एजेन्टमार्फत खाडी मुलुकमा महिला जाने कार्य रोकिएको छैन। नेपाली महिलाको एउटा ठूलो समूह तेस्रो मुलुक हुँदै विदेशिने क्रम अझै रोकिएको छैन। तर, विदेश पुगेर दुःख पाएका तथा लामो समयसम्म विदेशमा आफ्नो भविष्य सुनिश्चित नदेखेका केही महिलाले भने नेपालमै आत्मनिर्भर हुने बाटो खोज्न थालेका छन्। विदेशबाट फर्किएर आएका महिला स्वदेशमै उद्योगी, व्यापारी बनेर उदाहरण प्रस्तुत गर्ने क्रममा छन्। उनीहरूले भित्र्याएको रेमिट्यान्ससमेत उत्पादनमूलक क्षेत्रमा लगानी गरेर समाजलाई गतिलो पाठ सिकाएका छन्।

धरान- १५ सुवेदीटोलकी ३५ वर्षीया गंगा निरौला माओवादी द्वन्द्वकालमा दुई वर्ष कुवेतमा बसेर फर्केकी महिला हुन्। उनी ०५८ सालमा छिमेकीसँग सयकडा पाँचको दरले ब्याजमा ऋण काढेर विदेश गएकी थिइन्। दुई वर्षको बसाइमा खासै उपलब्धि नभएपछि उनी नेपाल फर्किएर आत्मनिर्भरको बाटो खोजिरहेकी थिइन्। सानो लगानीमा धेरै आम्दानी हुने व्यवसाय कुखुरापालन पनि एक भएको देखेपछि उनी यतिबेला घरमै कुखुरापालन व्यवसाय गर्दै आएकी छिन्। कुखुरापालन व्यवसायबारे तीनदिने तालिम लिएर उनले व्यवसाय सुरु गरेकी हुन्। कुखुरा व्यवसायबाट आएको आम्दानीबाट नवचेतना आमा समूहमा उनले मासिक एक सय रुपैयाँ बचत पनि गर्दै आएकी छिन्। आफ्नै देशमा मिहिनेत र पसिना बगाएर केही गर्न व्यवसाय थालेको उनको भनाइ छ।

माओवादी द्वन्द्वका कारण धरान- १५ की शारदा मास्के विश्वकर्मा पनि ०६० सालमा विदेशिएकी थिइन्। एजेन्टमार्फत भारत हुँदै कुवेत पुगेकी शारदाले डेढ वर्षको अवधि कष्टपूर्ण जीवन बिताएको सुनाइन्। 'बिहान ५ बजेदेखि राति २ बजेसम्म बच्चा हेर्ने तथा घरेलु कामकाज गर्नुपरेको उनले बताइन्। 'डेढ वर्षको समय साह्रै कष्टपूर्ण बिताइयो,' उनले भनिन्।

भाषा ज्ञानको अभावले महिलाले बढी दुःख पाउने गरेको उनको बुझाइ छ । विदेशमा सोचेजस्तो नभएपछि उनी नेपाल फर्केर त्यसै भौँतारिइरहेकी थिइन् । त्यसैबीच ०६३ सालमा विदेश गएर फर्किएका महिलाको बृहत् भेला काठमाडौंमा गरिएको थियो । त्यही भेलापछि धरानमा पौरखी नेपाल धरान शाखा स्थापना गरियो । हाल उनी त्यही संस्थाको सचिव पदमा रहेर विदेश जाने महिलालाई जनचेतना जगाउने अभियानमा लागेकी छिन् । आफूले विदेशमा दुःख पाए पनि अब जाने महिलाले आफ्नोजस्तो कष्ट भोग्नु नपरोस् भन्ने उनको चाहना छ ।

यस्तै धरान- १५ मा डेरा गरी बस्ने ३६ वर्षीया गीता अधिकारी ०५२ सालमा भारतको बाटो हुँदै कुवेत पुगी सात वर्षसम्म घरेलु कामदारको रूपमा काम गरिन् । केही गरौँ भन्ने जाँगरिलो २० वर्षको उमेरमा धन कमाउन विदेशिएकी अधिकारीले सात वर्षसम्म विदेशमा घोटिँदा खासै प्रगति गर्न सकिनन् । सुनसरीको पाँचकन्यामा जन्मेकी अधिकारी सात वर्षको विदेश बसाइ औचित्यहीन भएको बताउँछिन् । खाडीमा बगाएको श्रम र पसिनाको मूल्य नपाएका कारण उनी यतिबेला भने विदेशको अनुभवसँगै धरानमा मैनबत्ती उद्योग खोलेर बसेकी छिन् । उनले मैनबत्ती उत्पादन गरेर मासिक एक सय ५० केजी मैनबत्ती बजारमा बिक्री गर्दै आएकी छिन् ।

लोडसेडिङको विकल्पको रूपमा प्रयोग गरिँदै आएको मैनबत्तीको बजार निकै राम्रो छ । मैनबत्ती उत्पादन गरेर नजिकका किराना पसलेहरूलाई मैनबत्ती आपूर्ति गर्दै आएकी अधिकारीले घर राम्ररी चलाएकी छिन् । उद्योगकै आम्दानीबाट ६ वर्षीय छोराको पढाइ र घरखर्च टार्दै आएको उनी बताउँछिन् । 'विदेशी मुलुकमा श्रम बेच्यो पैसा पनि नपाइने, अर्काको हप्कीदप्कीमा जीवन बिताउनुपर्ने, तर आजभोलि आफ्नै भूमिमा परिवारसँग बसेर काम गर्न पाएकी छु,' उनले भनिन् ।

सङ्खुवासभा घर भएकी ४० वर्षीया लक्ष्मी र ३५ वर्षीया कमला राई दिदीबहिनी हुन् । ०६३ सालमा भारतकै बाटो हुँदै ओमनमा पुगेर उनीहरूले दुई वर्ष सङ्घर्ष गरे । तर, ओमनको बसाइले उनीहरूको भविष्य सुनिश्चित हुन सकेन । त्यो पैसाले धरानस्थित बगरकोटमा एउटा सानो बास बस्ने घर बनाउन सके । सानैदेखि साहसी महिलाको रूपमा दरिएका लक्ष्मी र कमला गाउँकै दिदी विवहामाया राईको साथमा यतिबेला नेपालमै आफ्नो भविष्य खोज्दै छन् । उनीहरू तीनजना मिलेर एउटा सानो किराना पसल खोलेका छन् । त्योसँगै तीनवटा सिलाइमेसिन पनि राखिएको छ । 'राम्रै चलेको छ, विदेशको जस्तो दुःख गर्नुपरेको छैन,' लक्ष्मीले भनिन् । एक वर्षअघि पाँच हजारमा सुरु गरेको पसल अहिले एक लाखको भएको छ ।

विदेशमा बसेर चेतना र सीपसमेत आर्जन गरेका केही महिला स्वदेशमा पनि केही गर्न सकिन्छ भन्ने उदाहरणका प्रतिनिधि पात्र हुन् । गीता, कमला, लक्ष्मी, गंगा, शारदा मात्र होइन, विदेशमा बसेर नेपाल फर्किएका सुनसरीका तीन सय महिला आत्मनिर्भरताका लागि उद्योग, व्यापार, व्यवसाय चलाएर बसेका छन् ।

विदेशमा बसेर फर्किएका महिलालाई फेरि विदेशिनु नपरोस् भनेर पौरखी संस्थाले आप्रवासी महिला कामदारका लागि आर्थिक सुरक्षा परियोजना र एकहप्ते उद्यमशीलता विकास तालिम प्रदान गरेको थियो । सुनसरीका महेन्द्रनगर, भरौल, पाँचकन्या, बराहक्षेत्र, डुम्राहा तथा धरान क्षेत्रका तीन सय ३५ जना महिलालाई प्रदान गरिएको उक्त तालिमपछि व्यवसाय रोज्न लगाइयो । व्यवसायमा दक्षताका लागि पुनः दुईदिने व्यवसायी विकास तालिम लिएर उनीहरू काममा लागेका थिए ।

विदेशबाट फर्किएका तीन सय महिलाले हाल ढाका कपडा उत्पादन, मैनबत्ती, सिलाइ-कटाइ, बेसार प्याकेजिङ, कुखुरापालन, होटल व्यवसाय, साइबर, तरकारी पसल, किराना पसल, चटपटे पसल, विद्यालय सञ्चालनलगायतका व्यापार-व्यवसाय सञ्चालन गरेर आत्मनिर्भर हुँदै आएका छन् । एक वर्षको अवधिमा उनीहरूले निकै प्रगति गरेको आर्थिक सुरक्षा परियोजना (निड्स) का सुनसरी संयोजक यज्ञराज खनालले बताए । उनका अनुसार प्रायः विदेश गएर फर्किएकाहरू सुविधाका सामान मोटरसाइकल, कार, सुविधासम्पन्न घर किनेर खर्चन्छन् । यस्तो कार्य रोक्न उनीहरूले कमाएर ल्याएको पुँजी उत्पादनशील क्षेत्रमा खर्चन व्यापार-व्यवसाय गर्न प्रेरित गरेको उनले बताए । कतिपय महिला ज्ञानको अभावले बिनाजानकारी विदेश गएर दुःख पाएका छन् । पौरखी नेपालले विगत पाँच वर्षदेखि विदेश जान चाहनेहरूलाई अपनाउनुपर्ने सावधानीलगायत सुरक्षित वैदेशिक रोजगारबारे सहजीकरण तथा वैदेशिक रोजगारको स्वदेशमै विकल्पबारे परामर्श दिँदै आएको पौरखी नेपालकी निर्देशक विजय राई श्रेष्ठले बताइन् । 'हामी सकभर स्वदेशमै केही गरेर आत्मनिर्भर हुन सल्लाह दिन्छौं । जानै परे सबै प्रक्रिया मिलाएर सुरक्षित वैदेशिक रोजगारमा जान सल्लाह र परामर्श दिने गरेका छौं,' १० महिनासम्म कुवेतमा कष्टपूर्ण

जीवन व्यतीत गरेर फर्किएकी पौरखी नेपाल सुनसरी संयोजक दिलु गजमेर बताउँछिन् ।

वैदेशिक रोजगारबाट आएको रुपैयाँ उत्पादनमूलक काममा लगाउन तथा विदेशबाट आएको रेमिट्यान्स सदुपयोग होस् भनेर यस्तो कार्यक्रम ल्याइएको यूएन ओमेनकी कार्यक्रम विशेषज्ञ सरु जोशी श्रेष्ठले बताइन् । यस्तो कार्यक्रम ११ देशमा सञ्चालन गरिएको जानकारी दिँदै नेपालमा काठमाडौं, कास्की र सुनसरीमा सञ्चालन गरिएको उनले बताइन् । आठदिने उद्यमशीलता तालिमबाट तीन जिल्लाका ६ सय ११ महिला कामदार स्वदेशमै आत्मनिर्भर भएको जोशीले जनाइन् ।

'विदेशबाट फर्किएका महिला बढी परिपक्व र व्यावहारिक हुन्छन् । श्रमको मूल्य बुझेका हुन्छन्,' जोशीले भनिन्, 'अन्य महिलालाई उद्यमशीलता तालिम दिनुभन्दा उनीहरूलाई दिनु प्रभावकारी हुने भएकाले तथा उनीहरूलाई स्वदेशमै रोजगारी दिन यस्तो कार्यक्रम ल्याइएको हो ।'

सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालले सार्वजनिक गरेको तथ्याङ्कअनुसार नेपालमा प्रत्येक वर्ष चार लाख ५० हजार युवा श्रम बजारमा आउने गरेका छन् । वैदेशिक रोजगार विभागको तथ्याङ्कअनुसार वार्षिक दुई लाख ९४ हजार ९४ जना युवायुवती विदेशिने गरेका छन् । यसमा महिलाको सङ्ख्या ११ देखि १५ प्रतिशत रहेको छ ।

*साभार : संचारिका फिचर सेवा*

*(लेखक धरानबाट प्रकाशित ब्लाष्ट टाइम्स दैनिकका सहायक सम्पादक हुन् ।)*

# महिलाले खडा गरे, सुत्केरी सहयोग कोष

**सुरक्षित सुत्केरी गराउन तीन-चार घन्टा लगाएर सदरमुकाम जाने समस्या भएपछि गुल्मीको जैसीथोकका महिलाले गाउँकै उपस्वास्थ्यचौकीमा 'बर्थिङ सेन्टर'को माग गरेका छन् । गर्भवती र सुत्केरी बेथा लागेका महिलालाई सुरक्षित सुत्केरी गराउन टाढासम्म लैजानुपर्दा ज्यानैसमेत जोखिममा पर्न सक्ने भएकाले सबै पूर्वाधार पुगेको गाउँकै उपस्वास्थ्यचौकीमा 'बर्थिङ सेन्टर' स्थापना भए महिलाको ज्यान सुरक्षित हुने थियो भन्ने उनीहरूको धारणा छ ।**

**✍ गगनशिला खड्का**

गुल्मीको ग्वाघाकी खेममाया पुन अहिले हरेकदिनजसो पाँच-दश रुपैयाँ जम्मा गर्दै गाउँभरि डुलिरहन्छिन् । त्यो पैसा उनले आफ्ना लागि नभएर गाउँका गर्भवती महिलालाई समस्या पर्दा गर्जो टार्नका लागि जम्मा गरेकी हुन् । सुत्केरी हुने बेला अस्पताल पुऱ्याउन नसकेर सोही गाउँकी धनमाया बलालले अकालमै ज्यान गुमाएपछि अहिले उक्त घटनाले धेरैलाई सचेत बनाएको छ । पहिलो बच्चा जन्माउँदा २२ वर्षको उमेरमै ज्यान गुमाएकी धनमायाको जस्तै अवस्था अरूको नहोस् भनेर यसो गरेको खेममायाले बताइन् । खेममाया मात्र होइन, ग्वाघाका हरेक वडाका महिला गर्भवती महिलाको अकालमै ज्यान नजाओस्, नियमित जाँच र सुत्केरी हुने बेला सुरक्षित प्रसूति केन्द्रसम्म पुऱ्याउन सकियोस् भनेर यसरी नै धमाधम रकम जम्मा गरिरहेका छन् ।

प्रसूति अवस्थामा महिलाको अकाल मृत्यु हुन नदिनका लागि महिलाले खाजा खर्च कटाएर आकस्मिक कोष जम्मा गरेका छन् । विकट गाविस भएकाले आफ्नै गाविसमा भएको 'बर्थिङ सेन्टर'सम्म पुऱ्याउन नसकेर गर्भवती तथा सुत्केरी महिलाको अकालमै ज्यान गएपछि त्यसबाट जोगाउन महिलाले आकस्मिक सुत्केरी बचत कोष जम्मा गरेका हुन् । गुल्मीको सदरमुकामबाट दश कोस टाढाको सो गाविस निकै विकट भएकोले गर्भवती महिलालाई 'बर्थिङ सेन्टर'सम्म पुऱ्याउन एक दिनभन्दा बढी समय लाग्छ । यसरी जम्मा पारेको पैसाले उनीहरूले गर्भवती दिदीबहिनीलाई बर्थिङ सेन्टरसम्म पुऱ्याउँछन्

र आमा-बच्चा दुवैको ज्यान बचाउँछन्। सुत्केरी बचत कोष वडा नं. ५ की अध्यक्ष खेममाया थापाका अनुसार, जिल्ला स्वास्थ्य कार्यालयको सहयोगमा राष्ट्रिय ग्रामीण तथा सामुदायिक विकास केन्द्र नार्डेक नेपाल गुल्मीले सञ्चालन गरेको प्रजनन स्वास्थ्य सुदृढीकरणका लागि समता र पहुँच कार्यक्रमअन्तर्गतका तालिममा गर्भवती र सुत्केरी महिलाको स्वास्थ्यको विषयमा जानकारी पाएपछि तालिममा आएको खर्च जोगाएर महिलाले आकस्मिक सुत्केरी बचत कोषमा जम्मा गरेका हुन्। गुल्मीका विभिन्न स्थानमा अहिले २३ वटा बर्थिङ सेन्टर छन्।

ग्वाघामा मात्र होइन जिल्लाको दिगाम, बम्घा, जैसीथोक, धुर्कोट र जस्थल गाविसका महिलाले पनि सुरक्षित प्रसूतिका लागि भनेर आफैंले चन्दा सङ्कलन गरेर घुम्ती कोष स्थापना गरेका छन्। अहिले ती गाविसका हरेक वडाका महिला कोष जम्मा गर्न लागिपरेका छन्। गैरसरकारी संस्थाहरू सेडेक नेपाल र नार्डेक नेपालको सहयोगमा ती गाविसमा कार्यक्रम सञ्चालन भएपछि सुरक्षित मातृत्वका विषयमा महिलामा चेतना वृद्धि मात्र भएको छैन, यसका लागि उनीहरू सक्रियसमेत भएका छन्।

गाविसका हरेक वडाका महिलाले सुरक्षित मातृत्व आमा समूह गठन गरी वाड नै पिच्छे कोष खडा गर्न सुरुवात गरेको प्रजनन स्वास्थ्य सुदृढीकरणका लागि समता र पहुँच कार्यक्रम सञ्चालन गरेको संस्था नार्डेक नेपालका अध्यक्ष रेशम कुँवरले बताए। 'कसरी महिलालाई सहयोग गर्ने भन्ने जानकारी नै नभएर धेरै महिलाको अकाल ज्यान गएको रहेछ, अलिकति यस विषयमा जानकारी गराउनेबित्तिकै त खाजाखर्च नै जोगाएर महिला बचत कोष खडा गर्न कस्सिए, अहिले त हरेक वडामा बचत कोष छ,' उनले भने।

गाउँका धेरै महिला आर्थिक अभावका कारण स्वास्थ्य संस्थामा जान नसकेर जोखिममा परेकाले यसरी कोष खडा गर्नुपरेको आकस्मिक सुत्केरी बचत कोष ५ नं. वडाका अध्यक्ष खेममाया पुनले बताइन्। 'स्वास्थ्यचौकी टाढा भएकाले बाटोखर्चकै अभावमा महिलाको ज्यान नजाओस् भनेर हामीले यो अभियान सुरु गरेका हौँ,' उनले भनिन्।

महिला आफैंले अभियानको सुरुवात गरेपछि धेरै सजिलो भएको महिला स्वास्थ्य स्वयम्सेविका द्रुपती पुनले बताइन्। आर्थिक पक्ष मात्र नभएर बुझाइमा पनि परिवर्तन आयो, विगतको तुलनामा निश्चय नै परिस्थिति फरक हुनेछ। ग्वाघा उपस्वास्थ्यचौकी बर्थिङ सेन्टरका अहेव कमला अर्याल पौडेलका अनुसार, यो अभियानले सुरक्षित मातृत्वको क्षेत्र उदाहरणीय हुने ठानिएको छ। जम्मा गरेको बचत रकमबाट ग्वाघा गाविसका महिलालाई निःशुल्क सहयोग गरिन्छ। अन्य गाविसमा घुम्ती कोषको रूपमा जसलाई आवश्यक पर्छ त्यसले बिनाब्याज प्रयोग गर्न सक्छन्। सुरक्षित सुत्केरीसम्बन्धी चेतना जागेपछि महिलामा यस विषयमा केही गरौँ भन्ने उत्साह जागेको बताउँछिन् जैसीथोककी महिला स्वास्थ्य स्वयम्सेविका सिर्जना घिमिरे। 'गाउँमा महिला पछि परेको शिक्षा र जनचेतनाको कमीले रहेछ,' उनले भनिन्।

प्रजनन स्वास्थ्य सुदृढीकरणका लागि समता र पहुँच कार्यक्रम सञ्चालन भएपछि गाउँका महिला मात्रै खुसी छैनन् उनीहरूको मिहिनेत देखेर कार्यक्रम सञ्चालन गर्ने गैरसरकारी संस्था तथा स्वास्थ्यका कर्मचारीसमेत दङ्ग छन्। महिलाको यो कार्यले गाउँमा चेतनाको नयाँ लहर ल्याएको र आगामी दिनमा आकस्मिक कोषमा सहयोग तथा अन्य तालिमका लागि सहयोग गर्न हरसम्भव प्रयास गरिने बताउँछन् जिल्ला स्वास्थ्य कार्यालय गुल्मीका प्रमुख डा. हरिबहादुर केसी। महिलाको यो प्रयासलाई नमुना उदाहरणको संज्ञा दिँदै डा. केसीले भने, 'यो अभियानलाई विस्तार गर्न र आकस्मिक कोषका रूपमा जम्मा गरिएको रकममा थप सहयोग गर्नमा हाम्रो साथ सधैं रहनेछ।'

कार्यक्रम लागू भएका गाविसमा गर्भवती महिलालाई अस्पतालसम्म पुऱ्याउन प्रत्येक वडामा स्टेचर वितरण गरिएको र आकस्मिक कोष खडा गर्ने अभियान पनि चलाइएको गैरसरकारी संस्था महासङ्घ नेपाल गुल्मीका अध्यक्ष विष्णु भण्डारीले बताए। 'तत्काल पैसा अभाव भएका कारण एम्बुलेन्समा स्वास्थ्य केन्द्र पुऱ्याउन नसक्नेहरूका लागि स्टेचरमा लैजान सकियोस् भनेर वडा-वडामा स्टेचर दिइएको छ,' उनले भने।

सुरक्षित सुत्केरी गराउन तीन-चार घन्टा लगाएर सदरमुकाम जाने समस्या भएपछि गुल्मीको जैसीथोकका महिलाले गाउँकै उपस्वास्थ्यचौकीमा 'बर्थिङ सेन्टर'को माग गरेका छन्। गर्भवती र सुत्केरी बेथा लागेका महिलालाई सुरक्षित सुत्केरी गराउन टाढासम्म लैजानुपर्दा ज्यानैसमेत जोखिममा पर्न सक्ने भएकाले सबै पूर्वाधार पुगेको गाउँकै उपस्वास्थ्यचौकीमा 'बर्थिङ सेन्टर' स्थापना भए महिलाको ज्यान सुरक्षित हुने थियो भन्ने उनीहरूको धारणा छ। प्रजनन स्वास्थ्य सुदृढीकरणका लागि समता र पहुँच कार्यक्रमअन्तर्गत गैरसरकारी

संस्थाहरूले सञ्चालन गरेको कार्यक्रमको अनुगमन तथा हस्तान्तरणका लागि पुगेका जिल्ला स्वास्थ्य कार्यालय प्रमुखलगायत अन्य सरोकारवालासँग उनीहरूले यस्तो माग गरेका हुन्। महिला स्वास्थ्य स्वयम्सेविका सिर्जना घिमिरेले भनिन्, 'हाम्रो गाउँमा बिजुली, बाटो, तालिमप्राप्त स्वास्थ्यकर्मी र पक्की भवन सबै पूर्वाधारहरू छन् तर अहिलेसम्म 'बर्थिङ सेन्टर' नभएपछि सुत्केरी गराउन तीन-चार घन्टाको बाटो हिँडेर तम्घास लैजानुपर्छ।'

*साभार : संचारिका फिचर सेवा*

*(गगनशिला नयाँ पत्रिका दैनिककी तनहुँस्थित संवाददाता हुन्।)*

# अन्तर्राष्ट्रिय महिला दिवस : सान्दर्भिकता र नेपाल

**एक सय दुई वर्षअघि यो पृथ्वीमा महिलाको पनि आफ्नै हैसियत हुनुपर्छ भनेर माग गर्ने महिला अहिले धेरै ठाउँमा समान जिम्मेवारी लिएर सफलतातर्फ अग्रसर बनिरहेका छन्। आफूविरुद्धका हिंसा र अपराधमा आवाज उठाइरहेका छन्, जसलाई यसबीचमा आएको परिवर्तनका रूपमा लिन सकिन्छ।**

**✍ तुलसा दुलाल**

विश्वको इतिहासलाई हेर्दा महिलामाथि शोषण र दमन भएका उदाहरण धेरै छन। आज विकसित भनिएका मुलुक युरोपमा कुनै बेला हाम्रोभन्दा पनि दयनीय स्थिति थियो। अपहेलित थियो महिलाको स्थिति। १६औँ शताब्दीमा पेरिसमा लोग्ने विदेश जाँदा महिलालाई सतित्वरक्षाका लागि च्यास्टिटी गार्ड लगाएर जान्थे। चीनमा सौन्दर्यका हिसाबले केटीहरूका खुट्टा साना र सुलुक्क परेका हुनुपर्छ भनेर खुट्टालाई बाँधेर बढ्न नदिने चलन थियो। स्विट्जरल्यान्डमा सन् १९७१ पछि मात्र महिलालाई मतदान गर्ने अधिकार दिइयो। अमेरिकामा पनि यस्ता धेरै उदाहरण छन्। अहिले पनि साउदी अरेबियामा महिलाले मत हाल्न पाउँदैनन्। कतारमा विदेशी महिलासँग विवाह गर्नेका सन्तानले त्यहाँको नागरिकता पाउँदैन।

महिला शोषित, पीडित तथा दमित छन् भनेर सन् १८४८ मा पहिलोपटक न्युयोर्कमा महिला अधिकार सम्मेलन भएको थियो। त्यसबेला नै महिला र पुरुष समान रूपले यस धर्तीमा सिर्जिएका हुन्, तर महिलामाथि भेदभाव कायम छ भन्ने आधिकारिक घोषणा गरिएको थियो। जसमा महिलाले समानताका लागि घोषणापत्रसमेत प्रकाशनमा ल्याएका थिए। जब कि सन् १८६८ देखि १८७० सम्ममा पनि अमेरिकाजस्तो शिक्षित देशमा महिलालाई मताधिकार थिएन भने काला जातिका पुरुषलाई भने नागरिकता र मताधिकार प्राप्त थियो। त्यसपछि महिलावादीले आन्दोलन गरे। बीसौँ शताब्दीको सुरुवातमा आएर महिलाहितबारे लेखन, महिला आवाज तथा महिला प्रयासका लागि अघि बढेका थिए भने सन् १९२० मा आएर महिलाले मताधिकार पाए, महिलाको सहभागिता बढ्दै गयो।

सन १९१० मा पहिलोपल्ट अमेरिकाको न्युयोर्कमा महिला मजदुरले शोषण र दमनविरुद्ध उत्रेर विरोध गरे। त्यो दिन मार्च ८ परेको थियो। यी कामदार महिलाले कारखानामा काम गर्दा शोषण र अमानवीय व्यवहार गर्न नहुने, शिशु स्याहारको व्यवस्था हुनुपर्ने र धेरै घन्टा काम गर्न नहुने माग राखेका थिए। यसैको सम्झनामा हरेक वर्ष मार्च ८ मा अन्तर्राष्ट्रिय महिला दिवस मनाइन्छ। अमेरिकामा श्रमिक दिवससँग गाँसेर दिनको ८ घन्टा मात्र काम गर्न पाइयोस् भनेर मजदुरले माग गर्दा पनि महिला श्रमिकका कुरा अघि आएको थिएन। यस सन्दर्भमा त्यसको करिब २५ वर्षपछि जर्मनी र अमेरिकाका समाजवादी नारीवादी विदुषीहरूले त्यस दिनलाई सम्मान गर्दै आफ्नो देशका सिमाना नाघेर संयुक्त रूपमा डेनमार्कको राजधानी कोपनहेगनमा १७ वटा देशका महिलाले सम्मेलन गरेर विश्वभर नारी दिवस मनाउने निर्णय गरे। नारी दिवसको सन्दर्भ शोषण र दमनविरुद्ध लड्न महिला एक हुनु हो।

नेपालमा कानुनी रूपमा महिला अधिकारको प्रयासलाई हेर्दा वि.सं. १९१० को मुलुकी ऐन विभेदकारी भए पनि त्यसलाई महिलाका विषयमा

बोल्ने पहिलो कानुनको रूपमा लिइन्छ । त्यसपछि वि.सं. २००४ को वैधानिक कानुनले सीमित मात्रामा नागरिक अधिकारका मौलिक हक प्रदान गऱ्यो । सन् १९१७ मा योगमाया कोइरालाको अध्यक्षतामा महिला समितिको गठन भयो । त्यसपछि योगमायाले कविताको माध्यमबाट, मेलवादेवीले गायनको क्षेत्रबाट, तलजा शर्माले गान्धी आश्रममा संलग्न भएर र दुर्गादेवीले शिक्षण पेसाको माध्यमबाट नारी जागरणमा मद्दत पुऱ्याएका थिए । राणाकालीन नेपालमा सन् १९४८ मा प्रधानमन्त्री पद्मशमशेरकहाँ 'डेलिगेशन' गई नगरपालिकामा भोट हाल्न र उम्मेदवारी दिन पाउने हक लिन सफल भएको थियो नेपाल महिला सङ्घको नेतृत्व ।

नेपाल अधिराज्यको संविधान २०१५, नेपालको संविधान २०१९ ले लिङ्गको आधारमा भेदभाव नगरिने साथै वालिग मताधिकारको व्यवस्था गरी महिला अधिकारलाई संवैधानिक र कानुनी संरक्षण दिने प्रयासको थालनी गरेको पाइन्छ । गाली-बेइज्जती ऐन २०१६, कारागार ऐन २०१९, जन्ममृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता ऐन २०३३, श्रम ऐन २०४८, वैदेशिक रोजगारी ऐन २०६४, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनका लागि विभिन्न कानुनमा रहेका विभेदकारी प्रावधान हटाउने संस्थागत प्रयासको रूपमा मुलुकी ऐनको एघारौं संशोधन, केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन २०६३, पीडितको अधिकारको संरक्षण पक्षबाट ल्याइएको मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४, नियमावली २०६५, छाउपडी प्रथा उन्मूलन निर्देशिका २०६४, घरेलु हिंसा कसुर सजाय ऐन २०६६, नियमावली २०६७, श्रमजीवी महिलाप्रति डान्स रेस्टुरेन्ट, डान्स बारजस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रणसम्बन्धी निर्देशिका २०६५ आदि कानुनी व्यवस्थाले नेपालमा महिलाको मानव अधिकार स्थापना र संरक्षण गर्न मद्दत पुऱ्याएको देखाउँछ ।

०६२/६३ को जनआन्दोलनपछि महिला समानतासम्बन्धी महत्वपूर्ण कानुनहरूमा परिवर्तन भएको छ । जसमा घरेलु हिंसाविरुद्धको ऐन जारी, महिलाको स्वतन्त्र पहिचानलाई मान्यता, मुद्दा सुनुवाइमा एकल महिलालाई प्राथमिकता, भेदभावपूर्ण सम्बन्धविच्छेदको आधार खारेज, सम्पत्ति उपभोगमा समान अधिकार, महिला हकवाला स्वीकार, पुरुषतर्फको हाँगाको सात पुस्ता भन्ने व्यवस्था परिवर्तन गरेर सम्बन्धित व्यक्तिको सात पुस्ता उल्लेख, महिलालाई घरमूलीको रूपमा स्वीकार, यौन दुर्व्यहार र वैवाहिक बलात्कार अपराध आदि महिला अधिकारका पक्षमा छन् । राजनीतिमा महिलालाई ३३ प्रतिशत आरक्षण, गाउँ विकास समिति र नगरपालिकाका प्रत्येक वडाबाट कम्तीमा एकजना महिला सदस्य निर्वाचित हुनैपर्ने प्रावधान रहेको छ । ०६४ को वैदेशिक रोजगारीको ऐनले वैदेशिक रोजगारमा सबै प्रकारका लैङ्गिक असमानताको अन्त्य गर्दै वैदेशिक रोजगारमा संलग्न हुने महिलाको सशक्तीकरण गर्ने नीति लिएको छ । ०६३ को अन्तरिम प्रतिनिधिसभाले पास गरेको लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐनले मात्र छोरीलाई पैतृक सम्पत्तिमा समान अधिकार दियो । नागरिकता ऐन २०६३ ले वंशजको परिभाषाभित्र आमालाई स्वीकारेको छ र पहिलोपल्ट आमाको नामबाट छोराछोरीले नागरिकता पाउन सक्ने व्यवस्था गरेको छ ।

कानुनी रूपमा महिलालाई प्रशस्त अधिकार दिए पनि घरेलु हिंसा वा महिलामाथि हुने हिंसामा कमी आउन सकेको देखिँदैन । नेपालमा पनि अरू देशजस्तै महिला हिंसाविरुद्ध विभिन्न कार्यक्रम मनाउने गरिएको छ । राजधानीनजिकैको भक्तपुरको घटनालाई हेर्दा महानगरीय प्रहरी परिसरको महिला तथा बालबालिका केन्द्रमा ०६८ साउन १ गतेदेखि ०६८ पुस मसान्तसम्म ६ महिनामा घरेलु हिंसाका विभिन्न ५० वटा निवेदन दर्ता भएका छन् जसमा धेरै घटना महिला हिंसाका छन् । पतिद्वारा मदिरा सेवन गरी पत्नीलाई कुटपिट गरेको, पति र ससुराबाट यथेष्ट दाइजो नल्याएकोले बुहारीलाई मानसिक यातना र धम्की दिइएको, पतिद्वारा बहुविवाह गरेको, भिनाजुसँग लागेको आरोपमा पत्नीलाई घरबाट निकाला गरेको, पतिद्वारा पत्नीलाई नागरिकता नबनाई यातना दिएको, कान्छी पत्नीद्वारा जेठीलाई कुटपिट गरेको यस्ता खालका उजुरी आउने गरेको भक्तपुरको प्रहरी महिला सेलले बतायो । ५० वटा हिंसाका घटनामध्ये २० वटा मुद्दामा मिलापत्र भएको देखियो भने ३० वटा निवेदनमा पीडित पक्ष नआएका कारण कार्यन्वयन हुन पाएन ।

बिगत केही समय यता महिला हिंसाका घटना सञ्चारमाध्यमबाट बाहिर आउने गरेकोले यस्ता घटना दर्तामा पनि तदारुकता आएको भक्तपुर महिला सञ्जालका सदस्य अकुर न्यौपानेले बताए ।

राजधानीनजिक रहेको जिल्ला भक्तपुरमा यो स्थिति छ भने अरू दुर्गम जिल्लामा रहेका महिलाको स्थिति के होला ? विभिन्न सञ्चारमाध्यममा प्रकाशित भएका महिला हिंसाका घटनालाई अध्ययन गर्दा पनि महिला हिंसाका घटना प्रसस्तै हुने गरेको बुझ्न सकिन्छ । भारतको राजधानी नयाँदिल्लीमा एक वर्षमा

(सन् २०११) मा पाँच सय ६८ वटा बलात्कारका घटना प्रहरीमा दर्ता भएको भारतीय सञ्चारमाध्यमले जनाएका थिए । यसरी हेर्दा दक्षिण एसियामा नै महिला हिंसामा कमी आउन सकेको देखिँदैन ।

यद्यपि अन्तर्राष्ट्रिय महिला दिवसले महिला हिंसा न्यूनीकरण तथा समानताका पक्षमा ठूलो परिवर्तन ल्याएको छ भनेरचाहिँ भन्न सकिन्छ । एक सय दुई वर्षअघि यो पृथ्वीमा महिलाको पनि आफ्नै हैसियत हुनुपर्छ भनेर माग गर्ने महिला अहिले धेरै ठाउँमा समान जिम्मेवारी लिएर सफलतातर्फ अग्रसर बनिरहेका छन् । आफूविरुद्धका हिंसा र अपराधमा आवाज उठाइरहेका छन्, जसलाई यसबीचमा आएको परिवर्तनका रूपमा लिन सकिन्छ ।

*साभार : संचारिका फिचर सेवा*

*(तुलसा पाटन क्याम्पसमा प्राध्यापनरत स्वतन्त्र लेखक हुन्)*

## फिचर लेखका लागि अनुरोध

सञ्चारिका समूहले लैङ्गिक हिंसाविरुद्धको अभियानअन्तर्गत फिचर सेवा प्रारम्भ गरेको छ। प्रत्येक महिना प्रकाशित हुने फिचर सेवामा महिलामाथि हुने गरेका विविध हिंसामा आधारित पाँचवटा फिचर लेख समावेश हुनेछन्। फिचर सेवाका लागि नौदेखि ११ सय शब्दसम्मको फिचर लेख पठाउनका लागि फिचर लेखकहरूमा अनुरोध गरिन्छ। प्रकाशित गर्न उपयुक्त ठानिएको फिचरका लागि पारिश्रमिकस्वरूप रु. ३,०००/- (तीन हजार) प्रदान गरिनेछ। प्राप्त फिचर प्रकाशित गर्ने वा नगर्ने अधिकार सञ्चारिका समूहमा निहित रहनेछ।

यो फिचर सेवा मुलुकभरिबाट प्रकाशित हुने सबै पत्रपत्रिकालाई निःशुल्क उपलब्ध गराइनेछ। फिचर प्राप्त नभएको भए जानकारीका लागि समूहको केन्द्रीय कार्यालय काठमाडौंमा इमेल या टेलिफोनमार्फत खबर गरिदिनुहुन विभिन्न जिल्लास्थित पत्रपत्रिकाका सम्पादक तथा प्रकाशकज्यूहरूलाई अनुरोध गर्दछौं। यो फिचर सेवा एफएम स्टेसनहरूका लागि पनि उपयोगी हुने विश्वास हामीले लिएका छौं। फिचर उपयोग गर्न चाहने एफएम स्टेसनहरूलाई पनि सम्पर्कका लागि अनुरोध गर्दछौं। फिचर प्रकाशित/प्रसारित गर्दा 'साभार : सञ्चारिका समूह' भनी उल्लेख गरिदिनुहुन आग्रह गर्दछौं।

**युएनएफपीएको सहयोगमा संचारिका समूहद्वारा प्रकाशित**

**सम्पर्क ठेगाना**

सञ्चारिका समूह, एकान्तकुना, भनिमण्डल, ललितपुर

पोष्ट बक्स नं : १३२९३, काठमाडौं

फोन नं : ५५५११८२, ५०००५१९

इमेल : sancharika@wlink.com.np

वेभ साइड : www.sancharika.org

संयोजन/सम्पादन